महेन्द्र महतो

**बैठक नं.१४**

आज मिति २०७५।०२।३१गते बिहिबार विहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| पदाधिकारीहरु : | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | महेन्द्र महतो |
| उपाध्यक्ष | विणा देवी साह | विणा |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | Bachey |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | [illegible] |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | जगदिशसाह |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | [illegible] |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | [illegible] |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | नथुनी |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | इस्लाम मं |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | बिल्टुनिया |
| कार्यपालिका सदस्य | लिलिया देवी | लिलिया |
| कार्यपालिका सदस्य | समिना वेगम | समिना वेगम |
| कार्यपालिका सदस्य | पति देवी माझी | पतिदेवीमाझी |
| सचिव | टेक प्रसाद भट्टराई | [illegible] |
| अन्य कर्मचारी | | |

| ईन्जिनियर | मोहर लाल महतो | |
|---|---|---|
| लेखापाल | अशोक प्र. साह | |

<u>प्रस्तावहरु</u>

प्रस्ताव नं १: गरिब विश्वेश्वर कार्यक्रम संचालन गर्ने सम्बन्धमा

प्रस्ताव नं २ : आ.ब.२०७४\०७५ को योजना तथा बजेटको प्रगति समिक्षा सम्बन्धमा

प्रस्ताव नं ३ : आ.ब. २०७५\०७६ को बजेट सिलिंग निर्धारण गर्ने सम्बन्धमा

प्रस्ताव नं ४: आ.ब. २०७५\०७६ को लागि राजस्व तथा करका दर अनुमोदन गर्ने सम्बन्धमा

प्रस्ताव नं ५ : आ.ब.२०७५\०७६ को नीति तथा कार्यक्रम सम्बन्धमा

प्रस्ताव नं ६ : बिबिध

<u>निर्णयहरु</u>

**निर्णय नं. १** प्रस्ताब नं माथि छलफल गर्दा आ.ब.२०७४\०७५ को लागि नेपाल सरकारबाट प्राप्त गरिबसंग विश्वेश्वर कार्यक्रम संचालन अनुदान रकम को लागि प्रथम गाउँ सभाबाट स्वीकृत पुंजीगत कार्यक्रम तर्फको रु.२ लाख ६० हजार रकमको देहायअनुसारको कार्यक्रम पारित गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो:

- प्रति गोटा अधिकतम रु.६०००\- का दरले नबढ्ने गरि कम्तिमा ४३ वटा बाख्रा खरिद गर्ने
- प्रत्येक वडामा अति बिपन्न वर्गको समुह बनाई प्रति वडा कम्तिमा ६ वटाको दरले बाख्रा वितरण गर्ने
- बाख्रा पाउने समुह सदस्यले सो बाख्राबाट उत्पादन भएको एउटा हुर्किएको पाठा गाउँपालिकालाई उपलब्ध गराउने ब्यवश्था मिलाउने
- गाउँपालिकालाई प्राप्त पाठाहरु अन्य बिपन्न सदस्यलाई वितरण गरिने छ।

माथि उल्लेखित बमोजिम प्रक्रिया पुरा गरि कार्यक्रम संचालन गर्न तपशिल बमोजिमको समितिलाई जिम्वेवारी तोक्ने निर्णय गरियो:

संयोजक -श्री सिताराम महतो -३ नं वडा अध्यक्ष

सदस्य -श्री बच्चे राय -१ नं वडा अध्यक्ष

सदस्य -श्री पति देबी माझि -कार्यपालिका सदस्य

सदस्य सचिब- श्री बाशु देब महरा- सामाजिक परिचालक

उक्त कार्यक्रम अन्तर्गत बाख्रा खरिद कार्य बजार मुल्य अनुसार गरिनेछ। बाख्रा खरिदको लागि माथि उल्लेखित समितिको कुनै सदस्य वा कर्मचारीले एकमुष्ट पेश्की लिन सक्नेछ तर पेस्की लिने ब्यक्तिले काम सम्पन्न भएको मितिले ७(सात) दिन भित्र नियमानुसार पेश्की फर्स्योट गर्नु पर्नेछ।

**निर्णय नं. २** प्रस्ताब नं २ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत आ.ब. २०७४\०७५को चालु तथा पुँजीगत योजना तथा कार्यक्रमहरु सन्तोषजनकको ढंगबाट संचालन भएको पाईयो। उपभोक्ता समितिमार्फत संचालनमा रहेका तथा सम्पन्न भई सकेका कतिपय गाउँपालिका केन्द्रको बजेट सिलिग तथा दोस्रो(बिशेष) गाउँ सभा बाट विनियोजित बजेट शिर्षक अन्तर्गतको योजना तथा कार्यक्रमहरुको खाता संचालन, भुक्तानीको सिफारिस लगाएत क्षेत्राधिकार सम्बन्धि बिबाद सामाधानको लागि देहायबमोजिम गर्ने निर्णय गरियो :

- सम्बन्धित वडा अध्यक्ष वा गाउँपालिका अध्यक्षको सिफारिसलाई मात्र मान्यता दिने

**निर्णय नं. ३** यस चन्द्रनगर गाउँपालिकाको आ.ब. २०७५\०७६ को लागि चन्द्रनगर गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको तपशिल बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा लाई अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो :

तपशिल

**चन्द्रनगर गाउँपालिकाको आगामी आ.ब.२०७५\०७६ को अनुमानित आय व्यय विवरण**

➢ चन्द्रनगर गाउँपालिकाको आगामी आ.ब. २०७५।०७६को लागि देहाय बमोजिम स्रोत अनुमान गरिएको छ :

| सि.नं. | स्रोत | प्राप्त रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रिय वित्तीय समानीकरण | १० करोड ६० लाख | |
| २. | केन्द्रिय राजश्व बाडफाड | ६ करोड ७६ लाख १६ हजार | |
| ३. | प्रदेश शशर्त अनुदान | ५० लाख | |
| ४. | प्रदेश वित्तीय समानीकरण अनुदान | २७ लाख १२ हजार | |
| ५. | आन्तरिक स्रोत | १करोड ५० लाख | अनुमानित |
| | जम्मा | १९ करोड ६३ लाख २८ हजार | |

➢ केन्द्रिय शशर्त अनुदान रकम रु.६ करोड ९४ लाख प्राप्त भएको

## आ.ब.२०७५।०७६ को लागि खर्चको अनुमान

| क्र.स. | खर्चको विवरण | अनुमानित खर्च (रु.) | कैफियत |
|---|---|---|---|
| १. | चालु खर्च (जनप्रतिनिधिको तलब समेत) | ६ करोड७६ लाख १६ हजार | |
| २. | वडागत बिनियोजन<br>❖ चालु खर्च रु.६करोड ७६लाख १६ हजार घटाई बाकी रहेको १२ करोड ८७ लाख १२ हजार बाट प्रत्येक वडालाई रु. ५४ लाख ७१ हजार का दरले | ३ करोड ८२ लाख ९७ हजार | |
| ३. | केन्द्र | ९ करोड ४ लाख १५ हजार | |

## योजना तर्जुमा तथा बजेट बिनियोजनको मापदण्ड तथा मार्गदर्शनहरु

❖ वडामा विनियोजित बजेट रकम भित्र सशर्त अनुदानमा परेका शिर्षकहरु समावेश गरिएको छैन।

❖ केन्द्रमा विनियोजित रकम गाउँ कार्यपालिकाको बैठकबाट गाउँ गौरबका योजना भनि किटान गरेका योजनाहरु मा बजेट बिनियोजन गरि बाकि रकम बाट वडाको को बजेटमा नपरेका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिनेछ।

❖ वडाबाट योजना प्रस्ताब गर्दा रु. ३ लाख भन्दा कम बजेट राखी प्रस्ताब भएका योजना स्वीकृत गरिने छैन।

❖ वडागत बजेटबाट सडकमा ग्राबेल र माटो हुर्ने योजना प्रस्ताब गर्न पाइने छैन। सडक मर्मत कार्य केन्द्रको बजेट बाट गरिने छ।

❖ वडागत बजेटबाट कम्तिमा एउटा योजना रु २० लाख भन्दा बढी रकमको प्रस्ताब गर्नु पर्ने छ।

❖ वडागत प्राथमिकताको आधारमा भौतिक पूर्वाधार बिकास तथा सामाजिक बिकासमा सबै बर्ग, धर्म,लिंग,जातजाति तथा फरक क्षमता भएका नागरिक आदि लाई समेट्ने गरि समता र समानतामा आधारित समाबेशी ढंगले योजना प्रस्ताब गर्नु पर्ने छ।

## चन्द्रनगर गाउँपालिका आगामी आ.ब. २०७५।०७६ को लागि कुल बजेट अनुमान

| सि.नं. | स्रोत | प्राप्त रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रिय वित्तीय समानीकरण अनुदान | १० करोड ६० लाख | |
| २. | केन्द्रिय शशर्त अनुदान | ६ करोड ९४ लाख | |
| सि.नं. | स्रोत | प्राप्त रकम (रु.) | कैफियत |
| ३. | केन्द्रिय राजश्व बाडफाड रकम | ६ करोड ७६ लाख १६ हजार | |
| ४. | प्रदेश शशर्त अनुदान | ५० लाख | |
| ५. | प्रदेश वित्तीय समानीकरण रकम | २७ लाख १२ हजार | |
| ६. | आन्तरिक स्रोत | १ करोड ५० लाख | अनुमानित |
| ७. | सामाजिक सुरक्षा | ४ करोड ११ लाख ९० हजार | |
| ८. | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४ लाख ५० हजार | |

५६

| | | | |
|---|---|---|---|
| ९. | स्थानीय स्वायत्त शासन तथा बिकास कार्यक्रम | १० लाख ६० हजार | |
| १०. | गरिबसंग बिश्वेस्वर कार्यक्रम | ४ लाख २९ हजार | |
| ११. | सडक बोर्ड | ३ लाख | |
| | **जम्मा** | **३० करोड ९० लाख ९७ हजार** | |

**निर्णय नं ४** प्रस्ताब नं ४ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको राजस्व परामर्श समितिको विभिन्न बैठकको निर्णयबाट प्रस्तावित आ.ब.२०७५।०७६ को लागि तपशिल बमोजिमका कर,राजस्व तथा सिफारिस दस्तुर र अन्य दस्तुरका दरहरु बैज्ञानिक र समय सापेक्ष रहेको हुँदा यस बैठक बाट अनुमोदन गरि आसन्न गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने सर्बसम्मत निर्णय गरियो:

## तपशिल

### भूमि कर (मालपोत) को दर

| सि.नं. | वडा नं. | चालु आ.ब. २०७४/०७५ को दररेट प्रतिकठ्ठा | आ.ब.२०७५।०७६ को लागि प्रस्तावित दररेट प्रतिकठ्ठा |
|---|---|---|---|
| १ | १,२ | रु.१५।- | रु.१५।- |
| २ | ३, ४, | रु.१५।- | रु.१५।- |
| ३ | ५, ६ | रु.१५।- | रु.१५।- |
| ४ | ७ | रु.१५।- | रु.१५।- |

### व्यवसाय करको दर

| सि.नं. | व्यवसायको किसिम | बार्षिक रु. |
|---|---|---|
| १ | सुन, चांदी पसल | २,०००।- |
| २ | चुरोट, विडी वा सुर्तिको थोक विक्रेता | १,०००।- |
| ३ | मदिरा एवं कोल्ड ड्रिंक्स विक्रेता | २,०००।- |
| ४ | श्रृगांर पसल तथा ब्युटी पार्लर | १,०००।- |
| ५ | फलफूल, तरकारी स्थायी पसल | ५००।- |
| ६ | जुता चप्पल पसल | १,०००।- |
| ७ | स्टेसनरी तथा पुस्तक पसल | १,०००।- |
| ८ | चस्मा पसल | १,०००।- |
| ९ | टायर, टयुव मर्मत | ७००।- |
| १० | व्याट्री मर्मत तथा चार्ज गर्ने | ७००।- |
| ११ | पेन्टर, रबर स्टाम्प | ७००।- |
| १२ | नसर्री | ७००।- |
| १३ | माछा, मासु, अण्डा पसल स्थायी | १,०००।- |
| १४ | भाडा वा ग्यास पसल | १,५००।- |
| १५ | फर्निचर पसल | १,०००।- |
| १६ | केवुल, नेटवर्किङ्ग | १,०००।- |
| १७ | उद्योग तथा कम्पनीको एजेन्सी | २,०००।- |
| १८ | औषधी पसल | १,५००।- |
| १९ | मल खाद, विउ विजन | १,५००।- |

५६

| | | |
|---|---|---|
| २० | जादु, सर्कस, थिएटर, संगित तथा मनोरंजन हल प्रति दिन | ३००।- |
| २१ | वैण्डवाजा | ७००।- |
| २२ | टेन्ट हाउस डेकोरेशन | १,०००।- |
| २३ | हार्डवेयर पसल | २,०००।- |
| २४ | कम्प्यूटर पसल | २,०००।- |
| २५ | इलेक्ट्रोनिक, ईलेक्ट्रिक सामान विक्रेता | १,५००।- |
| २६ | इलेक्ट्रोनिक, ईलेक्ट्रिक मर्मत | ७००।- |
| २७ | पेट्रोलियम पदार्थ विक्रेता | ५,०००।- |
| २८ | किराना पसल | १,०००।- |
| २९ | कपडा पसल | १,०००।- |
| ३० | रिक्सा, साइकल बिक्रेता | १,०००।- |
| ३१ | रिक्सा साइकल मर्मत | ५००।- |
| ३२ | हेभि इक्वीपमेन्ट बस, ट्रक, कार, ट्रयाक्टर मर्मत | २,५००।- |
| ३३ | मोटरसाइकल, टेम्पो आदि मर्मत | १,०००।- |
| ३४ | पम्पिङ्ग सेट, मोटर, पंखा आदि मर्मत | ७००।- |
| ३५ | आधारभूत स्तरका निजी विद्यालय | १०००।- |
| ३६ | नि.मा.वि. स्तरका निजी विद्यालय | १५००।- |
| ३७ | मा.वि. स्तरका निजी विद्यालय | २,५००।- |
| ३८ | उच्च मा.वि. र क्याम्पस निजी स्तरका | ३,०००।- |
| ३९ | निजी/गैर सरकारी प्राविधिक शिक्षा तथा तालिम | २,०००।- |
| ४० | निजी नर्सिङ्ग होम तथा अस्पताल | ५,०००।- |
| ४१ | क्लीनिक तथा ल्याव ईत्यादि | १,०००।- |
| ४२ | इन्जीनियरिंग सेवा | २,०००।- |
| ४३ | कानूनी व्यवसाय | २,०००।- |
| ४४ | लेखापरीषक | १,५००।- |
| ४५ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १,५००।- |
| ४६ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १,५००।- |
| ४७ | विमा ऐजेन्ट | १,५००।- |
| ४८ | सर्भेयर | १,५००।- |
| ४९ | अनुवादक | १,५००।- |
| ५० | सामान ढुवानीकर्ता तथा कम्पनी | १,५००।- |
| **५१** | **निर्माण व्यवसाय** | |
| | “क” श्रेणी | ५,०००।- |
| | “ख” श्रेणी | ४,०००।- |
| | “ग” श्रेणी | ३,०००।- |
| | “घ” श्रेणी | १,५००।- |
| ५२ | चामल तथा तेल उत्पादन गर्ने उद्योग | २,०००।- |
| ५३ | स-मिल काष्ट उद्योग | ३,०००।- |
| ५४ | अपसेट प्रेस | १,०००।- |
| ५५ | डिजीटल फोटो कलर ल्याव | १,०००।- |
| ५६ | फोटो स्टुडियो | ८००।- |
| ५७ | कुटानी, पिसानी मिल | ५००।- |
| ५८ | ईटा उद्योग | १५,०००।- |
| ५९ | ग्रिल, सटर उद्योग | १,५००।- |
| ६० | हेयर कटिङ्ग गर्ने | ५००।- |
| ६१ | पाउरोटी उद्योग | १,०००।- |
| ६२ | टेलरिङ्ग सेवा | ८००।- |

| | | |
|---|---|---|
| ६३ | मैनवती उद्योग | ८००।- |
| ६४ | साबुन, सर्फ उद्योग | २,०००।- |
| ६५ | पानी उद्योग | १,५००।- |
| ६६ | सुति जन्य उद्योग | २,०००।- |
| ६७ | होटल | १,०००।- |
| ६८ | भेडा बाखा फार्म | १,५००।- |
| ६९ | गाई भैंसी फार्म | २,०००।- |
| **७०** | **संचार सेवा :-** | |
| | संचार कम्पनीको प्रति टावर | २,०००।- |
| | एफ.एम. रेडियो स्टेशन | १,०००।- |
| | टेलिफोन, फ्याक्स, इन्टरनेट, कुरिअर आदि | ८००।- |
| **७१** | **वित्तीय सेवा :-** | |
| | नेपाल सरकारको स्वामित्व नरहेका बैंक | ५,०००।- |
| | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनी, मनि ट्रान्सफर | २,०००।- |
| | विदेशी मुद्रा सटही | १,०००।- |
| ***माथिको वर्गीकरणको समावेश नभएका व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु. ५००।- देखि ५,०००।- सम्म*** | | |

## जडिबुटी कबारी र जीवजन्तु करको दर

उन, जडिबुटी, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत निम्न बमोजिमको कर लाग्नेछ :-

क)कागजजन्य सामानका लागि प्रति किलोग्राम रु. एक

ख)फलामजन्य सामानका लागि प्रति किलोग्राम रु. दुई

ग)स्टीलजन्य सामानका लागि प्रति किलोग्राम रु. दुई

घ)अन्यका हकमा प्रति किलोग्राम रु. दुई

## सवारी साधन दररेट

चन्द्रनगर गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा देहाय बमोजिम बार्षिक सवारी कर लाग्ने :

| सि.न. | सवारीको प्रकार(दर्ता तथा नविकरण) | चालु आ.व. २०७४/०७५ मा संकलित | आ.ब.२०७५।०७६ को लागि प्रस्तावित दररेट |
|---|---|---|---|
| १ | वस, ट्रक, लहरी | रु.५००।- | प्रदेश कानून बमोजिम |
| २ | भाडाका कार,जिप,माइक्रो वस | रु.३००।- | प्रदेश कानून बमोजिम |
| ३ | निजि कार, टेम्पो, | रु.२००।- | प्रदेश कानून बमोजिम |
| ४ | मिनिवस/मिनिट्रक/ट्र्याकटर | रु.५००।- | प्रदेश कानून बमोजिम |
| ५ | स्कुटर, मोटरसाईकल, आदी | रु.१००।- | प्रदेश कानून बमोजिम |
| ६ | पावरटेलर | रु.१५०।- | प्रदेश कानून बमोजिम |

| | | | |
|---|---|---|---|
| ७ | विद्युतिय रिक्सा | रु.१०००।- | प्रदेश कानून बमोजिम |
| ८ | ठेलागाडा, रिक्सा | रु.१००।- | प्रदेश कानून बमोजिम |
| ९ | एक्जाभेटर/डोजर/ट्रिपर | रु.२०००।- | प्रदेश कानून बमोजिम |

**मनोरञ्जन करको दर**

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | केबल व्यवसाय वार्षिक | रु.५०००।- |
| २ | तिन महिना सम्म सर्कस,जादु ,मेला देखाउनेलाई दैनिक | रु. १००।- |
| ३ | तिन महिना सम्म सर्कस,जादु ,मेला देखाउनेलाई मासिक | रु.५०००।- |

## बहाल बिटौरी कर दररेट

| सि. नं. | विवरण | वार्षिक रकम रु. | मासिक |
|---|---|---|---|
| १ | सडक क्षेत्र, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी | २००० | २०० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | २०० | २५ |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी वडा नं. २,४,५,६ र ७ को लागी प्रति कठ्ठा | ५० | - |
| ४ | कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा | २५ | - |
| ५ | बजारमा अस्थाई घुम्ती वा स्टल / गाडीमा राखी सेवा प्रदान गर्नेलाई दैनिक रु.२००।- | | |

- गाउँपालिका क्षेत्र भित्रका जग्गा तथा घरहरु वहालमा लगाएका धनीसंग वर्ष भरीको वहाल रकमको कार्यालय, संस्था र व्यापारिक प्रयोजनका लागी बहालमा दिएको भएमा सम्झौता बमोजिमको रकममा सयकडा **२(दुई) प्रतिशत** र आवासिय प्रयोजनको लागी भएमा **१(एक) प्रतिशतका**दरले वहाल कर लिइनेछ । विदेश अध्ययन गर्न जाने विद्यार्थीको लागी आयश्रोत प्रमाणितको लागी **५०प्रतिशत** छुट दिईनेछ । घर जग्गा वहालकर एकीकृत सम्पति कर, मालपोत वा आयश्रोत प्रमाणित दस्तुर दाखिला गर्न आउंदा वुझाउनु पर्नेछ ।

**पार्किंग शुल्कको दर**

गाउँपालिकाले आफुले व्यवस्था गरेको सवारी पार्किङ्ग स्थलमा एक पटकमा निम्नानुसार पटके पार्किङ्ग शुल्क लिने ।

| सि.नं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | वस, ट्रक, मिनिवस, ट्र्याक्टर | रु.५०।- | |
| २ | हल्का सवारी साधनमा | रु.२०।- | |
| ३ | मोटर साईकल | रु.१०।- | |

- तिन घण्टा भन्दा बढी समय सम्म पार्किङ्ग गरेमा प्रतिघण्टा पटके शुल्कको आधा रकमको दरले थप शुल्क लाग्नेछ ।

१.क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखांकन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग नओगटने गरी, सकभर आधुनिक प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रबाट सवारी पार्किंग व्यवस्थापन गर्न सक्ने ।

२.सवारी साधन पार्किंग गर्ने क्षेत्र र निषेध क्षेत्र गाउँ कार्यपालिकाले तोक्न सक्नेछ ।

## विज्ञापन कर :

| सि.न. | प्रकार | करको दर वार्षिक | कैफीयत |
|---|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. | रु.५०।- | |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फि. | रु.५।- | |
| ३ | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु.३००।- | |

## सेवा शुल्क दस्तुर
## विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरहरु :

| सि.नं | सेवाको किसिम | दर | कैफीयत |
|---|---|---|---|
| १ | **घरबाटो तथा चौहद्दी प्रमाणित** | | |
| | आवाशिय क्षेत्र(राजमार्ग/पक्की सडक) | रु. १००।- | |
| | आवाशिय क्षेत्र (कच्चि सडक) | रु.१००।- | |
| | **कृषी तथा अन्य क्षेत्र** | | |
| | क) बाटो भएको | रु. १००।- | |
| | ख) बाटो नभएको | रु. १००।- | |
| २ | जग्गा नामसारी सिफारिस | रु.२००।- | |
| ३ | नाम,थर संशोधन सिफारिस | रु.५०।- | |
| ४ | घर कायम सिफारिस (पक्की घर) | रु.५००।- | |
| ५ | घर कायम सिफारिस (कच्ची घर) | रु.१००।- | |
| ६ | घर नक्सा नामसारी पक्की दूई तल्ला भन्दा बढीको लागि | रु.१०००।- | |
| ७ | पक्की घर १ तले नक्सा नामसारी | रु.५००।- | |
| ८ | कच्ची घर (ढुंगा माटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | रु.३००।- | |
| ९ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | रु.२००।- | |
| १० | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क/प्रतिलिपी दस्तुर | रु.५०।- | |
| ११ | **विद्युत जडानको सिफारिस दस्तुर** | | |
| | क) आवासिय/कृषि प्रयोजन | रु.५०।- | |
| | ख) व्यापारिक प्रयोजनको लागि | रु.३००।- | |
| | | | |
| | ग) ३ फेज लाईन जडान सिफारिस | रु.५००।- | |
| १२ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | रु.५०।- | |

| | | | |
|---|---|---|---|
| १३ | बैदेशिक रोजगारको लागि सिफारिस | रु.१००।- | |
| १४ | परिवार ल्याएको/लगेको सिफरिस | रु.२००।- | |
| १५ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | रु.२००।- | |
| १६ | **नाता प्रमाणीत दस्तुर** | | |
| | मृतक संग | रु.५०।- | |
| | अन्य | रु.५००।- | |
| १७ | वसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | रु.२००।- | |
| १८ | वसोवास प्रमाणित (स्वेदेशी प्रयोजन) | रु.१००।- | |
| १९ | नाफामूलक सस्थां दर्ता/नविकरण सिफारिस | रु.३००।- | |
| २० | सेवामूलक संस्था दर्ता/स्वेदेशी प्रयोजन | रु.२००।- | |
| २१ | निजी विद्यालय सञ्चालनको सिफारिस | रु.१०००।- | |
| २२ | निजी विद्यालय कक्षा थप/स्तरबृद्धिको सिफारिस | रु.५००।- | |
| २३ | मोही नामसारी सिफारिस | रु.५००।- | |
| २४ | ठुला उद्योग स्थापनाको सिफारिस | रु.५०००।- | |
| २५ | मझौला उद्योग स्थापनाको सिफारिस | रु.३०००।- | |
| २६ | **साना तथा घरेलु उद्योग स्थापनाको सिफारिस** | | |
| | साना उद्योग | रु.५००।- | |
| | घरेलु उद्योग | रु.२५०।- | |
| २७ | नेपाली पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु.५००।- | |
| २८ | भारतीय पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु.१०००।- | |
| २९ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | रु.३०००।- | |
| ३० | अपुताली सिफारिस (नेपालको लागी) | रु.५०००।- | |
| ३१ | अपुताली सिफारिस (विदेशको लागि) | रु.१५०००।- | |
| ३२ | जन्म, मृत्यू, विवाह, प्रमाणित तथा सिफारिस | रु.५०।- | |
| ३३ | उल्लेखित बाहेकका अन्य प्रमाणित तथा सिफारिस | रु.१००।- | |
| ३४ | अंग्रेजी सिफारिस प्रति आइटम | रु.२००।- | |
| ३५ | **रुख कटान सिफारीस** | | |
| | क) ५० बोट सम्म | रु.१००।- | |
| | ख)१०० वोट सम्म | रु.२५०।- | |
| | ग)५०० बोट सम्म | रु.७५०।- | |
| | घ)१००० वोट सम्म | रु.१५००।- | |
| | ङ)१००० भन्दा वढिको लागि | रु.३०००।- | |
| ३६ | सबै लक्षितबर्ग प्रमाणित तथा सिफारिसहरु | रु.२५।- | |
| ३७ | टिकट दस्तुर | रु.१०।- (टिकट नभएमा मात्र) | |
| ३८ | छुट जग्गा दर्ता सिफारिस | १ कठासम्म रु.५००।-सोभन्दा वढी प्रति कठा रु. १००।- | |
| ३९ | ट्रान्सफरमर जडान/ठाउंसारी सिफारिस | रु ५००/- | |
| ४० | भारत प्रवेशाज्ञा सिफारिस | रु १००/- | |

जग्गा प्लटिङ्ग

जग्गा प्लटिङ्ग अनुमति

| सि.नं. | विवरण | दररेट रु. |
|---|---|---|
| १ | ५ कठ्ठा सम्म | रु.३०००/- |
| २ | ५ देखी १० कठ्ठा सम्म | रु.५०००/- |
| ३ | सो भन्दा माथि थप प्रतिकठ्ठा | रु.३००/- |

**नोट** : १. यस गाउँपालिकाको जग्गा प्लटिङ्ग गर्दा गाउँपालिकाको अनुमति नलिई गर्ने व्यक्ति, संघ संस्थाहरूलाई शत प्रतिशत जरिवाना लाग्ने छ ।

२. प्लटिङ्ग गर्दा नक्सामा राजकुलो देखिएको स्थानहरूमा राजकुलोको व्यवस्थापन स्वयं प्लटिङ्ग गर्ने ब्यक्ति वा संघ संस्थाले गर्नु पर्नेछ ।

## नक्सा पास दस्तुर

| सि.नं. | विवरण | व्यापारीक क्षेत्र प्रति वर्ग फिट रु. | आवाशिय क्षेत्र प्रति वर्गफिट रु. |
|---|---|---|---|
| | | २०७५/०७६ | २०७५/०७६ |
| १ | **आर.सी.सी. फ्रेम स्ट्रक्चर** | | |
| | क) भूई तल्ला | १।५० | १।०० |
| | ख) प्रथम तल्ला | २।०० | १।५० |
| | ग) दोस्रो तल्ला तथा सो भन्दा माथि | २।५० | २।०० |
| २ | **इंटा, ढुंगा, ब्लक, ट्रेस टिन / टायलको छाना** | | |
| | क) भूई तल्ला | १।०० | ०।७५ |
| | ख) प्रथम तल्ला | १।२५ | १।०० |
| | ग) दोस्रो तल्ला तथा सो भन्दा माथि | १।५० | १।५० |
| ३ | कम्पाउण्ड वाल | १।०० | ०।५० |
| ४ | पुरानो घर अभिलेखीकरण प्रमाणपत्र | पक्की रु.५००।- र कच्ची रु.२००।- | |

**नोटः** पुरानो घरको नक्सापास/अभिलेखीकरण गर्दा उपरोक्तानुसार लाग्ने दस्तुरमा **५० प्रतिशत** छुट दिईनेछ।साथै पुरानो घर अभिलेखिकरणको लागि साईड प्लान र लोकेशन प्लान अनिवार्य पेश गर्नु पर्नेछ ।

गाउँपालिका सामग्रीको दैनिक भाडादर :

| सि.नं. | विवरण | रकमरु. | कैफियत |
|---|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर | ३०० | |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ५०० | |
| ३ | चन्द्रनगर गा.पा.को सभाहल | १००० | |
| ४ | लेबल मेसिन प्रतिदिन | ५०० | |

## स्काभेटर भाडा दर

**उपभोक्ता समितिको हकमा :-**

| सि.नं. | विवरण | प्रतिघन्टा रु. | प्रति सिफ्ट रु | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | स्काभेटर | १७०० | १५००० | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा गा.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबूक भरेका आधारमा लागू हुनेछ । गा.पा.को काममा उपभोक्ताबाट प्रयोग हुदां १० घन्टाको एक सिफ्ट हुनेछ । |

***नोटः***- उल्लेखित साधन प्रयोग गर्दा लाग्ने ढुवानी भाडा तथा अपरेटर र हेल्परको खुराकी खर्चको व्यवस्था भाडामा लैजानेले नै मिलाउनू पर्नेछ ।

## सर्वसाधरण तथा व्यक्तिगत प्रयोजनको हकमा :-

| सि.नं. | विवरण | प्रतिघन्टा रु. | कैफियत |
|---|---|---|---|
| १ | **स्काभेटर** | २००० | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा गा.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबूक भरेका आधारमा लागू हुनेछ । ढुवानी भाडा तथा अपरेटर र हेल्परको खुराकी खर्चको व्यवस्था भाडामा लैजानेले नै मिलाउनू पर्नेछ । |

***नोटः***- उल्लेखित साधन प्रयोग गर्दा लाग्ने ढुवानी भाडा तथा अपरेटर र हेल्परको खुराकी खर्चको व्यवस्था भाडामा लैजानेले नै मिलाउनू पर्नेछ ।

## पोखरी ठेक्का बन्दोबस्तको लागि बार्षिक न्युनतम कबोल रकम

| सि.नं. | पोखरीको नाम | बार्षिक कबोल अंक (रु.) | ठेक्का लागेको बर्ष \अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | नाढ्री पोखरी | १,२३,९९,०००\- | २०७५\०१\०६देखि ५ बर्ष | |
| २. | चतुर्भुजी दह | ११,४०,०००\- | २०७८ असाढ सम्म म्याद | |
| ३. | मंगल सहनिवाला पोखरी | ३,३०,०००\- | २०७८ असाढ सम्म म्याद | किस्ता असुल हुन बाकि |
| ४. | महुअवा पोखरी | १२,२०,०००\- | २०७८ असाढ सम्म म्याद | |
| ५. | लोदवा पोखरी | २,४०,०००\- | २ पटक सुचना प्रकाशन हुदा समेत ठेक्का नलागेको | पोखरी मर्मत तथा खनजोत ठेकेदारले नै गर्नु पर्ने |
| ६. | गोपिवाला पोखरी | १लाख | २ पटक सुचना प्रकाशन हुदा समेत ठेक्का नलागेको | पोखरी मर्मत तथा खनजोत ठेकेदारले नै गर्नु पर्ने |
| ७. | मोहनपुर पोखरी | १ लाख ५० हजार | | |

## दण्ड वा सजाय दस्तुर

चन्द्रनगर गाउँपालिकाले तोकेको नियम कानून बिपरित कार्य गर्ने व्यक्ति तथा संस्थाहरुलाई कार्यपालिकाको निर्णय बमोजिम दण्ड जरिवाना तोक्न र प्रचलित कानूनमा तोकेको दण्ड जरिवाना सोहि अनुरुप हुने ब्यवश्था गर्ने।

<u>निर्णय नं ५</u> प्रस्ताब नं ५ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको आ.ब. २०७५\ ०७६को नीति तथा कार्यक्रम तयार गरि आगामी बैठकमा पेश गर्नको लागि तपशिल बमोजिमको पदाधिकारीलाई जिम्वेवारी तोक्ने सर्बसम्मत निर्णय गरियो :

<u>तपशिल</u>

गा.पा. अध्यक्ष श्री महेन्द्र महतो -संयोजक

गा.पा. उपाध्यक्ष श्रीमती बिना देबी साह - सदस्य

प्र.प्र.अधिकृत श्री टेक प्रसाद भट्टराई -सचिब

<u>निर्णय नं ६</u> प्रस्ताब नं ६ बिबिध माथि छलफल गर्दा तपशिल बमोजिमको सर्बसम्मत निर्णयहरु गरियो:

- आ.ब.२०७४\०७५ को चालु खर्च अन्तर्गत इन्धन शिर्षकमा विनियोजित बजेट रकम मध्ये गाउँपालिकाको कार्यालयको लागि रु. २(दुई) लाख र प्रहरी चौकी भक्तिपुर को लागि रु.५०.हजार गरि रु.२(दुई) लाख ५० हजार फर्निचर तथा फिक्चर्स शिर्षकमा रकामान्तर गर्ने
- चालु खर्च शिर्षक अन्तर्गत विनियोजित सुरक्षा परिचालन शिर्षकको स्वीकृत बजेट रकाम मध्ये इलाका प्रहरी कार्यालय , केशारगंजलाई गाडी मर्मत रु.३०(तीस) हजार र इन्धनमा रु. १० हजार तथा लेखी प्रहरी चौकी भवन मर्मतको लागि रु.[illegible] लाख बाँडफाड गर्ने
- आ.ब.२०७४\०७५ को चालु खर्च अन्तर्गत खेलकुद प्रतियोगिता शिर्षकबाट विनियोजित बजेट मध्ये रु ७० हजार चन्द्रनगर वडा नं ७ नाढ़ीटोल मा आयोजना हुने क्रिकेट प्रतियोगिताको लागि बिनियोजन गर्ने
- चन्द्रनगर गाउँपालिका भित्रका सबै वडाका आ.ब. २०७५\०७६को लागि मालपोत रजिष्ट्रेशन शुल्क आ.ब.२०७४\०७५ मा कायम मालपोत रजिस्ट्रेशन शुल्कमा १० % ले वृद्धि गर्ने मालपोत कार्यालय , मलंगवा सर्लाहीलाई सिफारिस गर्ने

**निर्णय नं १ देखि ६ सम्मका सबै निर्णयहरुमाथि सहमति जनाउने पदाधिकारीहरुको नाम,पद र दस्तखत**

| | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |

| | | |
|---|---|---|
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | [illegible] |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | [illegible] |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | [illegible] |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | [illegible] |
| कार्यपालिका सदस्य | लिलिया देवी | [illegible] |
| कार्यपालिका सदस्य | समिना वेगम | समिना वेगम |
| कार्यपालिका सदस्य | पति देवी माझी | [illegible] |